# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

### मिति २०६६/१०/८ गते शुक्रवार देखि २०६६/१०/१४ गते बिहिबार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ९१ कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ५१३७ कारोबारबाट १६ करोड ६० लाख २४ हजार रुपैयाँ बराबरका ३ लाख ५१ हजार ६ सय कित्ता शेयरहरु खरीद विक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ६.५४ प्रतिशतले वृद्धि आएको हो । गत साता ४१७१ कारोबारबाट १५ करोड ५८ लाख ३२ हजार रुपैयाँ बराबरका ४ लाख ९३ हजार ७ सय कित्ता शेयरहरु खरीद विक्री भएका थिए । कूल कारोबार मध्ये ‘क’ वर्गका कम्पनीहरुको मात्र ८ करोड ५० लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ५१.२६ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा १.५३ अंकले ह्रास भई अन्तिम दिन ५१५.२४ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ४८७.०१ | ४३८.८२ | ३६६.४९ | ५७५.७२ | ८०२.२६ | २६०.७८ | ५७६.०५ | ५१९.१४ | ५८०.५१ | ५१६.७७ | १२५.६४ | ४९.०५ |
| दोस्रो | ४८७.६८ | ४३८.८२ | ३६६.४९ | ५७५.७२ | ८०२.१५ | २६०.७८ | ५७४.७४ | ५१८.०७ | ५७६.९० | ५१६.८२ | १२५.८८ | ४८.९५ |
| तेस्रो | ४८६.५६ | ४३८.८२ | ३६६.४९ | ५६६.३२ | ८०१.५४ | २६०.७८ | ५७४.५५ | ५११.५६ | ५७२.५२ | ५१३.७१ | १२५.३८ | ४८.८२ |
| चौथो | ४८५.६७ | ४३८.८२ | ३६६.४९ | ५६३.९७ | ७९७.०३ | २६०.७८ | ५७५.४० | ५०४.६६ | ५६६.९३ | ५११.७० | १२४.७२ | ४८.६५ |
| पाचौं | ४९१.१४ | ४३४.६१ | ३६६.४९ | ५६३.९७ | ८०९.७५ | २६०.७८ | ५७५.०८ | ५०७.४५ | ५६४.१९ | ५१५.२४ | १२६.१३ | ४८.९८ |
| परिवर्तन | ४.१३ | -४.२१ | ०.०० | -११.७५ | ७.४९ | ०.०० | -०.९७ | -११.६९ | -१६.३२ | -१.५३ | ०.४९ | -०.०७ |

‘क’ वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा ०.४९ अंकले वृद्धि भई १२६.१३ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (२ करोड ५८ लाख रुपैयाँ), शेयर संख्या (७० हजार कित्ता) र कारोवार संख्या (१२११ वटा) को आधारमा भिवोर विकास बैंक अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | भिबोर विकास वैंक | २५.८७ |
| २ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | २५.७२ |
| ३ | अन्नपूर्ण विकास बैंक | १३.६९ |
| ४ | बैंक अफ काठमाण्डू | ७.३९ |
| ५ | सिटिजनस् बैंक इन्ट्रनेशनल | ५.५४ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्रतर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।